# सेल्टर र सुनाउन नपाएका कथा



किरण गुरुङ
स्थायी कमिटी सदस्य

## पहिलो दिन, पहिलो सेल्टर र पहिलो अभियान

२०३७ सालको जेठ महिना। गर्मी उखुमै थियो। तर आकाश भने धुम्म परेको थियो। भर्खरै मात्र दर्कने झरी रोकिए पनि फुस्फुसाउन भने छाडेको थिएन। यसपालि मनसुन अलि छिटो सुरु भएको थियो।

महेन्द्र गुफा काटेपछि, जोगिमुरेको हिलाम्मे बाटोमा १८–१९ वर्षे दुई जना युवक झरीबाट बच्न घुँडामा पाइन्ट अड्काउँदै थोत्रा प्लास्टिक ओढेर अगाडि बढ्दै थिए, आफ्नै धुनमा। बीचबीचमा गफ पनि गर्दै थिए।

जोगिमुरेका फाँटभरि किसानहरू आ–आफ्नो खेतमा खनजोत गर्न व्यस्त थिए। कालीखोलाले बनाएको यो फाँट अत्यन्त मलिलो थियो। खेत जोत्ने हली, आलीकान्ला ताछ्ने खेताला र गाईबस्तु हेर्ने गोठालाहरूको कोलाहल परपरसम्म पनि सुनिन्थ्यो। जताततै हरियाली छाएको थियो। कालीखोला किनार र आसपासका खेतहरूमा एउटै खुट्टामा ठिङ्ग उभिएर घण्टौँ सिकार ढुकिरहेका सेताम्मे बकुल्लाहरू, घरिघरि खोलाको आसपास उडान भरिरहने खोलेहाँसहरू र हावामा बयेली खेल्दै किरा फट्याङ्ग्रा टिप्न उडिरहेको माटीकोरे, बाज, ठेउवा र चिबेचरीहरूको बथानले फाँटै रमाइलो बनेको थियो। त्यसमाथि बेलाबेला 'हुटिट्याउँ...हुटिट्याउँ' र 'बीउ कुहयो...बीउ कुहयो...' को सुमधुर आवाजले फाँटको सम्पूर्ण वातावरण झनै रमाइलो बनेको थियो।

केही घण्टा उकालो चढेपछि गाउँमा पुग्दा झमक्क साँझ परिसकेको थियो। झरी भने रोकिएकै थिएन। गाउँको बीच, एउटा घरको आँगनमा पुगेपछि मात्र हाम्रो त्यस दिनको यात्रा रोकियो। ती दुई जना युवक, अरू कोही थिएनन्, हामी नै थियौँ– अघि–

अघि हिँड्ने रक्षबहादुर गुरुङ र पछ्याउँदै हिँड्ने म किरण गुरुङ उर्फ कमरेड सुमन। स्कुलमा सबैले उहाँलाई 'रक्षे' भनेर बोलाउँथे र मैले पनि रक्षे नै सम्बोधन गर्थें। उहाँ कास्की, बाटुलेचौरस्थित श्री विन्दुवासिनी हाई स्कुलमा अध्ययनरत कक्षा ९ का छात्र हुनुहुन्थ्यो। उहाँको पढाइ अलि ढिलो सुरु भएको थियो र त्यसमा पनि दुई वर्ष भर्ती हुने चक्करमा पढाइ छुट्न पुगेको थियो। उहाँ त्यसै विद्यालयको अनेरास्ववियु (एकताको पाँचौँ) प्रारम्भिक तयारी कमिटीको अध्यक्ष हुनुहुन्थ्यो।

हामीले भर्खरै पाइला टेकेको यो आँगन, घर र गाउँ उहाँकै थियो। प्रायः सबैजसो घर–आँगन एक–अर्कासँग जोडिएको गुजमुज्ज परेको गाउँ थियो। त्यसैले होला– कुकुर भुकेका, हातमुख चुठेका, खोकेका, थुकेका, जुठा भाँडा माझेका, एक–अर्कालाई डाकेका, घरघरमा गफ गरेका अनेकौँ आवाज कुनै घुरमैलो र कुनै प्रस्टै बुझिने गरी हामी उभिएको घरको आँगनसम्म आइरहेका थिए। यो साँझको समय, खानपिन र सुत्नभन्दा अघिको सबैभन्दा व्यस्त घरधन्दाको समय थियो। छपनी ढुङ्गाले छापेको आफ्नो घरको आँगनमा पुगेपछि मात्र साथीले आफ्नो लामो मौनता भङ्ग गर्नुभयो– 'आपा !... आमा !..' ढोका र झ्यालबाट घरभित्रको उज्यालो मधुरै भए पनि बाहिर आँगनसम्म आइरहेको थियो। 'आँगे' भन्दै हातमा टुकी र तातो खरानी लिएर उहाँको सानी बहिनी घरबाहिर आइन्। खुट्टामा लागेको जुकालाई तातो खरानीमा हाल्दै हातमुख धोएर हामी घरभित्र छिर्‍यौँ।

उहाँको साथ लाएर म पहिलो पटक यो सुन्दर गाउँ र घरमा आइपुगेको थिएँ। मेरा निम्ति यो गाउँ, घर र यहाँका मानिसहरू सबै नयाँ थिए। उहाँले मलाई पृथ्वीनारायण क्याम्पसमा पढ्ने साथी हो भनेर बाबा, आमा र बहिनीलाई परिचय गराउनु भयो। साथै 'अहिले क्याम्पस बिदा छ, उहाँ एक हप्ता यहीँ बस्नुहुन्छ' भनेर समेत बताउनु भयो। घरका सबैले मलाई छोराका साथी भन्दा पनि एक विशेष पाहुनाका रूपमा हार्दिकतापूर्वक स्वागत सत्कार गरे।

खानपिन सकाएपछि देब्रे पालीमा निकालिएको सानो कोठीमा सुत्ने प्रबन्ध भयो। थकाइले होला, साथीसँग राजनीतिक गफ गर्दागर्दै कतिखेर भुसुक्कै निदाएँछु, पत्तै पाइनँ। बिहानको मिठो निद्राबाट आँखा खुल्दा उज्यालो भइसकेको थियो। साथी उठिसक्नु भएको थियो। यो यात्रा र बास भूमिगत भएर हिँडेपछिको मेरो पहिलो दिनको थियो। साथीको यो गाउँ र घर मेरो पहिलो आश्रयस्थल अर्थात् सेल्टर थियो।

औपचारिक रूपमा भूमिगत भई हिँडेको पहिलो दिन भएरै होला, हिजैदेखि म रोमाञ्चित थिएँ। त्यो रोमाञ्च आज पनि सेलाएकै थिएन। नयाँ बाटो, नयाँ ठाउँ,

नयाँ परिवेश, नयाँ अठोट र नयाँ सपनाको यात्राको सुरुवात भएको दिन थियो। स्पष्ट ठेगानबिना नै सुरु गरिएको मेरो यो भूमिगत राजनीतिक यात्राको आरम्भ थियो। या भनौँ, मेरा लागि एउटा नयाँ क्रान्तिकारी जीवनको सुरुवात थियो।

म उठेर हातमुख धुँदासम्म गाउँलेहरू मेलापात हिँडिसकेका थिए। साथी पनि खेतमा परेली (पर्म) लाउन हिँड्ने तरखरमा हुनुहुन्थ्यो, म पनि उहाँसँगै खेतमा गएँ। कमरेड गिरीश (वामदेव गौतम)ले भन्नुभएको थियो– 'किसानसँग राजनीति गर्न किसानै बन्नुपर्छ, परेमा हलो जोत्नुपर्छ, खेतालो बन्नुपर्छ।' उहाँको भनाइ झल्झली सम्झँदै म पनि एउटा कोदालो बोकेर साथीको पछिपछि लागेँ।

टीनएजर ग्रुपका युवकयुवतीहरूको परेली लाउने छुट्टै समूह रहेछ। म नौलो मान्छेलाई देखेपछि सबैले कानेखुसी गर्न थाले। साथीले ढिलो नगरी मेरो परिचय दिँदै भने– 'पीएन क्याम्पस पढ्ने सर हो, हाम्रो गाउँघर घुम्न आउनुभएको हो।' साथीले मलाई सधैँ 'सर' भन्नुहुन्थ्यो। परिचयकै क्रममा एक जनाले मलाई जिस्काउँदै सोधे– 'हामीलाई पनि पढ्न सिकाउने हो र सर ?' यो प्रश्नले अचानक सय वाटको चहकिलो बत्ती बालेजस्तो मेरो द्विविधाग्रस्त दिमाग नै झलमल्ल भयो। अब भने यो गाउँमा कसरी राजनीति सुरु गर्ने होला भन्ने मेरो मनभित्रको अन्योल मेटियो। साक्षरता कक्षा सञ्चालन गर्दै राजनीति सिकाउने अत्यन्त प्रभावकारी उपाय भेटेजस्तो लाग्यो र मैले तत्कालै जवाफ फर्काएँ– 'साँच्चै पढ्ने हो भने म निःशुल्क पढाउन तयार छु। कपी, कलम र किताबको पनि पैसा लाग्दैन, सबै म व्यवस्था गर्छु।'

केहीछिनको एकआपसमा मुखामुख, खासखुस र मौनतालाई भङ्ग गर्दै साथीले गम्भीर भएर सबैलाई सम्झाउनु भयो। त्यसपछि आपसमा छलफल चल्यो, सबै जना साक्षरता कक्षा पढ्न तयार भए। त्यसपछि भने मलाई लाग्यो, राजनीति सुरुवात गर्ने प्रस्ट र प्रभावकारी रोडम्याप भेट्टाएँ।

जिन्दगीमा सबैभन्दा प्रफुल्लित भएको दिन सायद मेरो यही थियो होला। बेरोजगारले जागिर र बेसहाराले सहारा पाएभन्दा पनि चौगुणा खुसी भएँ। किनकि यो सल्लाह मेरो भूमिगत राजनीतिक जीवनका लागि अगाडि बढ्ने एउटा महत्त्वपूर्ण घुम्ती बन्न सक्थ्यो। त्यसबेला मैले कमरेड माओ त्सेतुङको 'जनताबाट सिकेर जनतालाई नै' भन्ने प्रसिद्ध उक्ति स्मरण गरेँ।

मेलापातमा आएका युवतीहरूले मात्र होइन, प्रायःजसो युवकहरूले पनि स्कुलको मुखै देखेका थिएनन्। एकाध युवा मात्र एक–दुई कक्षा पढेर बीचैमा छाडेकाहरू थिए।

अत्यन्त उत्साहका साथ, बेलुकीको खानापश्चात् आजै सबैजना गाउँमा रहेको प्राइमरी स्कुलमा भेला हुने सल्लाह भयो।

सबै जनाको अनुहारमा मैले पढ्ने कौतूहल जागेको प्रस्ट देखेँ। तर पनि मेरो मनमा भरे घरमा पुगेपछि बाआमाले नपठाउने हुन् कि भन्ने आशङ्का उठिरहेको थियो। त्यो आशङ्का त्यसबेला मेटियो, जुनबेला गाउँ नै उल्टिएझैँ मेलापातमा गएका, नगएका गाउँका सबै युवकयुवती स्कुलमा भेला भए। उज्यालोका लागि एउटा पेट्रोम्याक्स, दुई–तीनवटा लालटिन र लोकल टुकीको पनि व्यवस्था भयो। सबैको हातमा टर्च लाइट, होहल्ला र चर्कोचर्को गफगाफले मेला लागेभन्दा पनि रमाइलो देखिएको थियो।

जनमतसङ्ग्रहको नतिजा घोषणा भएको पनि धेरै दिन भएको थिएन। त्यसैले बहुदल र निर्दलबारे केही बताएर सुरुमा राजनीति सिकाउने विचार गरेँ। यसका साथै, शोषण, दमन, उत्पीडन, अन्याय, अत्याचार, शोषक र शोषित, शासक र शासित, सामन्त, जमिन्दार र किसान, नोकरशाही, दलाल पुँजीपति र सर्वहारा–श्रमिक तथा मजदुर वर्गबारे प्रारम्भिक ज्ञान दिएपछि तीन महिनाभित्र कम्युनिस्ट राजनीति सिकाएर पार्टीमा सङ्गठित गर्ने मनमनै एउटा योजना पनि बुनेँ।

पहिलो कक्षा नै प्रभावकारी भएन भने भोलिदेखि कोही पनि पढ्न नआउने भयले मलाई सताइरहेको थियो। त्यसैले आज पहिलो दिन परिचय र दुःखसुखका कुरा मात्र गर्दै मनोरञ्जनात्मक कार्यक्रम गरेर उनीहरूको मन जित्ने र नजिक हुने विचार गरेँ। परिचय सकिनासाथ सबैलाई गीत गाउने प्रस्ताव राखेँ। सबै जना खुसी भए। मैले सङ्कल्प परिवारको जनवादी गीत गाउने विचार गरेँ। तर सुरुवात भने यो प्रसिद्ध गीतबाट गरेँ :

'रेशम फिरिरी...रेशम फिरिरी..
उडेर जाउँ कि डाँडामा भञ्ज्याङ
रेशम फिरिरी... ।'

जानी नजानी केहीछिनको सिकाइपछि सबै जना मिलेर गाउन थाल्यौँ। रातको निस्तब्धतालाई चिर्दै सामूहिक स्वर गुञ्जिन थाल्यो। कोही नाच्न पनि थाले, साह्रै रमाइलो भयो। सबैका ओँठओँठमा सङ्कल्प परिवारका यी तीनवटा जनवादी गीतका भाका झुन्डिन थाले। गुरुङ गाउँ थियो, गीतका भाका सिकाउन धेरै मिहिनेत गर्नर् ैपरेन।

'कोही त भने जहाजमा हरर
कोही त भने पसिना तरर, हाम्रो नेपालमा...
कोहीको लुगा बत्तुले बालेको
कोहीको लुगा बाह्र ठाउँ टालेको, हाम्रो नेपालमा...
कोहीको भने धनमाथि धनको रास
कोहीको भने घरजग्गा उठिबास, हाम्रो नेपालमा...
कोहीको घरमा डाक्टरको चाकडी
कोही त मर्छन् अस्पताल नहेरी, हाम्रो नेपालमा...
कोही त गर्छन् बीए र एमए पास
कोही त गर्छन् रातोदिन दाउरा–घाँस, हाम्रो नेपालमा...
यस्तो चलन धेरै दिन टिक्दैन
यस्तो चलन धेरै दिन टिक्दैन, हाम्रो नेपालमा.... ।'

यो गीत उनीहरूको जिन्दगीसँग ठ्याक्कै मिल्थ्यो । त्यसैले धेरै पटक दोहोऱ्याएर गाए । लयको कुनै समस्या परेन । एकै पटकमा टिपे । दोस्रो गीतले पनि उनीहरूको मन असाध्यै छोयो । कोही गाउन थाले, कोही नाच्न थाले, दिनभरिको मेलापातको थकान सबैले भुलिसकेका थिए । म आफैँ दङ्ग र छक्क परिरहेको थिएँ ।

'गाई त बाँध्यो ढुङ्ग्रोमा मोही छैन, मोही छैन
गरिबको चमेली बोल्दिने कोही छैन...
गरिबको बोल्दिने कोही छैन, कोही छैन
गरिबको चमेली बोल्दिने कोही छैन... ।'

अन्तमा, 'गाउँ–गाउँबाट उठ, बस्ती–बस्तीबाट उठ' भन्ने गीत गाएर भोलि यसरी नै भेट्ने वाचा–वन्धनसहित हामी सबै जना आ–आफ्नो घर तथा बासस्थानतर्फ जान बिदा भयौँ । मेरो साथी रक्षे सबैभन्दा खुसी र उत्साहित देखिनु हुन्थ्यो । अनि 'भोलि अझै दुई–चार जना थपिन्छन्' भन्दै हुनुहुन्थ्यो ।

'गाउँ–गाउँबाट उठ, बस्ती–बस्तीबाट उठ
यो देशको मुहार, फेर्नलाई उठ....
हातमा कलम लिनेहरू, कलम लिएर उठ
हातमा औजार हुनेहरू, औजार लिएर उठ
हातमा केही नहुनेहरू आवाज लिएर उठ... ।'

**तेस्रो दिन : हली दाइको घर र आपत्कालीन दोस्रो सेल्टर**

तेस्रो दिन झरी त रोकियो तर हाम्रो साक्षरता अभियानमा भने बीचैमा कालो बादल मडारियो। राजनीति त मैले सुरु गर्न पाएकै थिइनँ। बिहान झिसमिसेमै पोखरा झरेर साक्षरताका लागि आवश्यक सामग्री, नेपाली वर्णमालाका केही प्रति किताब, कापी, कलम, चक, डस्टर आदि किनेर साँझ गाउँ पुग्दा म अलमलमा परेँ। किनकि साथी रक्षालाई साह्रै दुःखी देखेँ। घर–परिवारका कसैको मुहारमा पनि मैले खुसी देखिनँ।

चुपचाप खाना बस्यौँ। आमाले गुरुङ भाषामा कसैलाई गाली गर्दै हुनुहुन्थ्यो। अरू सबै जनाको अनुहार मलिन र भयभीत थियो। म कुरो नबुझेर अक्कमक्क परिरहेको थिएँ। सबैका त्रस्त अनुहार देखेपछि झन् मेरो केही बोल्ने र सोध्ने आँटै भएन।

खाना खाइसकेपछि साथीको बुवाले बल्ल मुख खोल्नुभयो– 'बाबु ! भोलि बिहानै गाउँ छाडेर जानुहोस्, त्यसपछि यो गाउँमा फर्केर कहिल्यै पनि नआउनुहोस्। तिमीलाई पक्राउ गर्न भनेर यहाँका गाउँ पञ्चायतका वडा सदस्य पोखरा झरेका छन्, पुलिसलाई खबर गर्न...।' बल्ल मैले कुरा बुझेँ, किन सबै जना चुपचाप, भयभीत र दुःखी थिए।

रियाले नामको यो सानो तर सुन्दर गुरुङ गाउँ, कास्की जिल्लाको तत्कालीन अर्मला गाउँ पञ्चायतअन्तर्गत पर्थ्यो। हाल यो गाउँ पोखरा महानगरपालिका १६ मा पर्छ। यो अर्मला गाउँ पञ्चायत, त्यसबेला नाम चलेका अञ्चलाधीश लक्ष्यबहादुर गुरुङको जन्मगाउँ थियो। यस गाउँमा राजाको भन्दा पनि उनैको मानमनितो धेरै थियो। उनको नाम सुन्दैमा सबै गाउँले त्यसै त्यसै डरले थरहरी हुन्थे। कथित जनमतसङ्ग्रहमा पञ्चायतले जितेको घोषणा गरेको पनि धेरै दिन भएको थिएन। २०३५/३६ को आन्दोलनले रक्षात्मक भएका पञ्चहरू जनमतसङ्ग्रहको कथित जितको परिणामपछि बिस्तारै बौरिँदै थिए।

'एक कान दुई कान मैदान' भनेझैँ रातारात हल्ला पोखरासम्म पुगेछ– 'अञ्चलाधीश लक्ष्यबहादुर गुरुङको गाउँमा एक जना बहुदले छिरेर गाउँलेलाई भाँड्दै पञ्चायतविरोधी गतिविधि गर्दैछ' भन्ने। प्रायः पोखरादीपको आफ्नै घरमा बस्ने, तर त्यही गाउँका एक जना वडा सदस्य गाउँमा आएर प्रत्येकको घरघरै पसी सबै अभिभावकलाई डर, त्रास र धम्की दिएर फर्केका रहेछन्। मलाई इङ्गित गर्दै 'पुलिसले खोजिरहेको ऊ एउटा राजाविरोधी अराष्ट्रिय तफ्व हो। उसले डाकेको कुनै कार्यक्रममा छोराछोरीलाई नपठाउनू... नजानू... नत्र सबैलाई पुलिसले पक्रेर लान्छ, जेल

हाल्छ, गोली ठोक्छ, राजद्रोह लाग्छ....' आदि आदि जे भनेर हुन्छ, त्यही भनेर सम्पूर्ण गाउँलेलाई तर्साएर पोखरा फर्केका रहेछन् ।

केही दिनअगाडि मात्र मेरो दिमागमा बलेको सय वाटको बिजुली झ्याप्पै निभ्यो । म किंकर्तव्यविमूढ अवस्थामा पुगेँ । म कसैलाई सम्झाउन सक्ने अवस्थामा थिइनँ र सम्झाउने प्रयत्न पनि गरिनँ । साथी रक्षबहादुर गुरुङ मेरो मुख ताकेर बस्नुभएको थियो, बाआमालाई पक्कै मैले सम्झाउँछु भनेर । तर मैले केबल एक–दुई वाक्य सिवाय केही बोलिनँ, 'नडराउनुहोस् बुवाआमा' उनले भनेजस्तो केही हुँदैन, उनले भनेजस्तो म केही हुन दिन्नँ र म आजै हिँड्छु ।' मैले आफ्नो प्रतिरक्षामा एक शब्द पनि बोलिनँ । मेरो कुरा सुनेर मेरो साथी निराश हुनुभयो ।

अब यो गाउँ र सेल्टर मेरा लागि सुरक्षित छैन । मैले मनमनै निष्कर्ष निकालेँ । ठीक त्यसै बेला एक जना नेपाली थरका हली दाइ हामीलाई खोज्दै घरै आइपुग्नु भयो – 'ए ...रक्षा भाइ ! किन हो ? आज स्कुलमा पढ्न कोही आएनन् त ? के भयो ?' मैले अड्कल काटेँ, वार्ड सदस्य पञ्च उनको घरमा भने छिर्न भ्याएका रहेनछन् ।

सबैभन्दा बढी पढ्न रुचि राख्ने यी नेपाली थरका हली दाइलाई जिन्दगीमा एउटै ठूलो धोको थियो । साक्षर भएर, साहुले दामासाहीमा पारेर पुस्तैनी हली बस्न बाध्य बनाइएको तमसुक पढ्ने । यो साक्षरता अभियान, त्यसताका प्रौढ शिक्षा भनेर भनिन्थ्यो । यो प्रौढ कक्षा पास गरेपछि– 'के म तमसुक पढ्न सक्ने हुन्छु सर' भनेर उनले मलाई धेरै पटक सोधेका थिए । 'तमसुकका अक्षरहरू सोझासाझाहरूले अलि नबुझिने तर फटाहाहरूले मात्र बुझ्ने गरी लेखिएको हुन्छ । तर मिहिनेत गरेपछि किन पढ्न नसकिने, सकिन्छ' भनेर म उनलाई ढाढस दिन्थेँ । यो सुन्नेबित्तिकै उनको अनुहार खुसीले धपक्क बलेको मैले धेरैपटक देखेको थिएँ । पञ्च वार्ड सदस्यका कारण प्रौढ कक्षा बन्द भएको सुन्दा उनी सबैभन्दा दुःखी भए ।

आत्मसमीक्षा गर्दा मैले दुईवटा गल्ती गरेको महसुस गरेँ । एक, भूमिगत शैली नअपनाउनु र दुई, गोपनीयता नसिकाउनु । यसले मलाई अबका दिनहरूमा अगाडि बढ्न गतिलो शिक्षा दियो । त्यसैले पश्चात्ताप होइन, गल्ती नदोहोर्‍याउने मनमनै प्रण गरेँ । हली दाइको घर गाउँदेखि अलि पर पर्ने रहेछ । उहाँले एकरात आफ्नो घरमा बास बस्न जोडदार आग्रह गर्नुभयो । साथी रक्षाले मनाही गर्दागर्दै पनि उहाँले मान्नु भएन र म उहाँसँगै जाने भएँ ।

घर के भन्नु ? न गोठ, न घर, एकतले स्याउलाले छाएको जताततै पानी चुहिने झुप्रोभित्र हामी पस्यौँ। झरीका कारण ओभानो भुइँ खोज्नु पर्थ्यो। चिसो चुल्हो, आगो नबालेको महिनौँ भइसकेको थियो। घरमा बसौँटे भन्टाङभुन्टुङ थुप्रै थिए। कति थिए, मैले सोधिनँ। बच्चाहरू कसैको पनि हरमा एक धर थोत्रो लुगा पनि थिएन। ननुहाएका कारण जोगीको जस्तो लट्टा परेको कपाल र ख्याउटे शरीर, बिरामीजस्ती देखिने दुब्ली श्रीमती, मेरो कल्पनामा नै नभएको यो हली दाइको संसार थियो। मेलापातमा दिने बचाएर ल्याएको अर्नी (खाजा–नास्ता)ले नै परिवार पालिएका थिए। एक छाक पेटभरि खाना खाने उनीहरूको नसिबमै थिएन। घरमा एक दाना अन्न नभित्रिएको महिनौँ भैसकेको थियो।

'माफ गर्नुहोला सर, तपाईंलाई बास दिनभन्दा पनि मेरो दुःख तपाईंलाई देखाउन ल्याएको हुँ। यो नर्कको जस्तो हाम्रो जिन्दगी देखाउन ल्याएको हुँ,' हली दाइले भन्दा पहिलोपटक मेरो आँखाको कुना रसाए। कल्पनाभन्दा पर बरू नर्कको जीवन सायद योभन्दा राम्रो होला, मैले मनमनै सोचेँ।

फेरि रातभरि झरी पऱ्यो, नचुहिने ओभानो ठाउँ कतै थिएन। एउटा थोत्रो गुन्द्री र थाङ्नाले बुनेको बच्चाको फोहर दुर्गन्ध आउने भौतरीमा रात काट्न मलाई मुस्किल परिरहेको थियो। दुर्गन्ध आउने भएकाले नाकले होइन, मुखले सास फेरिरहेको थिएँ। यसो गर्दा दुर्गन्ध अलि कम भएजस्तो हुन्थ्यो। परेपछि नयाँ नयाँ आइडिया फुर्दो रहेछ।

यो सेल्टर र बास मेरो भूमिगत जीवनका लागि राजनीतिक रूपमा महत्त्वपूर्ण प्रत्यक्ष भोगाइ र सिकाइ थियो। यस्ता लाखौँ गरिब दीनदुःखीहरूको सुदिन ल्याउन भूमिगत हुने मेरो राजनीतिक बाटो र निर्णय सही थियो भन्ने पुष्टि भइरहेको थियो। यी सबै घटना र यथार्थहरूले मलाई कमजोर होइन, राजनीतिक रूपमा अझ दरिलो बनाएको थियो। क्रान्तिप्रतिको आस्था, विश्वास र निष्ठालाई झनै मजबुत बनाएको थियो। त्यसबेलाको मेरो शब्दकोशमा निराश र हतास भन्ने शब्द नै थिएन। केवल थियो त– देश, जनता, मुक्ति र क्रान्ति।

**चौथो र पाँचौँ दिनः पहिलो सफलता**

हली दाइको घरबाट म त्यसै रात झिसमिसेमै बाटुलेचौर झरेँ।

सोमनाथ अधिकारी 'प्यासी', उहाँको दाजु रामचन्द्र अधिकारी र भाइहरू कृष्ण अधिकारी र सुवास अधिकारीको बाटुलेचौरस्थित संयुक्त परिवारको घरमा खाना खाएँ। अनि, दिउँसो त्यहीँ नै बोलाएर पुरन्चौर घर भएका त्यस समयमा अर्मला, टाँडबिसौनाको

स्कुलमा पढाउने शिक्षक मीनराज पौडेलसँग भेटघाट गरेँ। उहाँ हाम्रो पार्टीका एक जना इमान्दार सदस्य हुनुहुन्थ्यो। त्यसपछि उहाँकै पछि लागेर म फेरि चौथो दिन अर्मला गाउँ पञ्चायतको पात्ले भन्ने गाउँमा आएँ।

अर्मलाको रियाले र टाँडबिसौना भन्ने गाउँको बीचमा पर्ने पात्ले गाउँमा एक जना विद्यार्थीको घरको धन्सारमा उहाँको डेरा रहेछ। बाटुलेचौरबाट राती मात्र गाउँमा पुग्ने गरी समय अड्कल गरेर हिँडेका कारण हामी गाउँमा पुग्दा झमक्कै साँझ परिसकेको थियो। जेनतेन खाना पकाइवरी रिडीको च्यादर ओढ्दै सिलौटा ढुङ्गालाई सिरानी हालेर गुन्द्रीमा नै रात बितायौँ। उहाँ प्रायः डेरामा नबस्ने हुँदा पकाउने भाँडाकुँडा र बिस्तराको जोहो नै गर्नुभएको रहेनछ। यसपटक विगतको गल्ती नदोहोऱ्याउने र कडा भूमिगत शैली अपनाउने भनेर कमरेडलाई मैले बताइसकेको थिएँ।

जेठ महिनाको अन्तिम हप्ता, एकनासले रातभरि पानी परिरहेको थियो। स्कुलमा दुई महिने लामो बर्खे बिदा सुरु हुन दुई–चार दिन मात्र बाँकी थियो। दिउँसो पनि कहिले पानी पर्ने र कहिले नपर्ने भइरहेको थियो। 'माना खाएर मुरी उब्जाउने' समय गाउँका सबै जना बिहानै खेतमा पुगिसकेका थिए, घरमा केबल केटाकेटी र काम गर्न नसक्ने बुढाबुढी बाहेक कोही थिएनन्। गाउँ सुनसान र चकमन्न थियो।

कमरेड मीनराज बिहान ९ बजेतिर मलाई कोठामा छाडेर स्कुल हिँड्नु भयो। म पढ्न बसेँ। मेरो सानैदेखि बसेको बानी थियो। जहाँ गए पनि साथमा पढ्ने पुस्तक कहिल्यै छुट्दैनथ्यो। कहिले अगाडि पेटमा, कहिले पछाडि ढाडनेर पाइन्टको कम्मरमा किताब घुसारेर हिँड्थेँ र जहाँ फुर्सद पायो, त्यहीँ पढ्थेँ। यसपटक त झन् एक महिना पुग्ने झोलाभरि मार्क्सवाद र लेनिनवादसँग सम्बन्धित ठेलीका ठेली पुस्तक बोकेर आएको थिएँ।

दिउँसोतिर पानी पर्न छाडिसकेको थियो र म बसेको धन्सारपछाडि बाटोमा केटाकेटी खेलिरहेको हल्ला आइरहेको थियो। त्यसै बखत पिसाबले जोडले च्याँप्न थाल्यो। 'पिसाब आयो भने फेर्नलाई बोतल ढोकाको आडमा राखेको छु' भनेर मीनराज कमरेड जानुभएको थियो तर मैले ख्याल गरेको थिइनँ। ठूलै मुख भएको ठूलै बोतल होला भनेको त स्टार बियरको बोतल पो रहेछ। पऱ्यो फसाद, यस्तो बोतलमा पिसाब कसरी फेर्नु? एकछिन म सन्न भएँ। पिसाबले झन् जोडले च्याप्न थाल्यो। बाहिर जान ढोका खोल्न थालेँ तर ढोकामा बाहिरबाट ताल्चा मारेर जानु भएको रहेछ। कडा भूमिगत शैली अपनाउनु पर्छ भनेको परिणाम मैले भोग्दै थिएँ। उहाँलाई मनमनै गाली गर्नु बाहेक अरू कुनै उपाय थिएन।

जेनतेन काम चल्यो। तर करिब दुई घण्टापछि फेरि अघिझैँ पिसाबले च्याँप्न थाल्यो। बोतल पहिल्यै पिसाबले भरिसकेको थियो, अब के गर्ने? बोतलको पिसाब फाल्न मिल्ने कतै ठाउँ थिएन। सिवाय, उत्तरतिरको भित्तामा एउटा सानो आँखीझ्यालबाहेक अरू कतै झ्याल थिएन। जुन साइडमा केटाकेटी अझै बाटामा खेल्दै थिए। जे त होला भन्दै त्यही आँखीझ्यालको प्वालबाट बियरको बोतलको मुख घुसारेर पिसाब फाल्न थालेको मात्र के थिएँ, 'घोत...घोत...' गरेर परपरसम्म पनि सुनिने गरी बोतल कराउन थाल्यो। हल्ला गरिरहेका केटाकेटीहरूको पनि ध्यानाकर्षण भयो। 'हेर...हेर...के हो? बोतल जस्तो मुखले पिसाब फेरेको' भनेर कराउन थाले। भरिएको बोतलबाट तरल पदार्थ खन्याउँदा मुख सानो भएर होला, अनौँठो आवाज निस्कँदो रहेछ। मेरो हंशले ठाउँ छाड्न थाल्यो। तर के गर्नु? मलाई खपिनसक्नु भएर चक्कर लागिसकेको थियो। त्यसैले लाज पचाउँदै कसैको पनि प्रवाह नगरी बोतलको सबै पिसाब फालेँ। यो क्रिया आफैँमा लाजमर्दो थियो। यो घटना सुन्दा धेरैलाई आनन्द र रमाइलो लाग्ला तर मेरा लागि कहिल्यै भुल्न नसकिने नमिठो अतीत थियो।

कडाइका साथ भूमिगत शैली अपनाउन सेल्टरमा झिनामसिना कुराहरूको पनि ख्याल गर्नुपर्छ भन्ने यस घटनाले ठूलो शिक्षा दियो। एउटा भूमिगत सेल्टरमा खाने र बस्ने प्रबन्ध मात्र होइन, दिसापिसाब गर्ने सहज व्यवस्थासमेत हुनुपर्छ भन्ने ज्ञान दिलायो। मलाई तोकिएको यस इलाकामा पार्टीका बनिबनाउ एउटै पनि कमिटी र सेल्टर थिएनन्। यिनै कमरेड मीनराजबाहेक पार्टीमा सम्पर्कित दोस्रो व्यक्ति थिएन। त्यसैले सबै काम मैले शून्यबाट नै सुरु गर्नु पर्‍यो, अरू कुनै विकल्प र उपाय थिएन। त्यसैले, यो क्षण र अवस्था मेरा लागि अत्यन्त कठिन परीक्षाको घडी पनि थियो।

त्यसबेला मैले हाम्रो पार्टीको विधि, विधान, नीति र कार्यक्रमको अध्ययन गर्न पाएकै थिइनँ। यो हाम्रो वैचारिक र राजनीतिक मुखपत्र हो भनेर एक जना कमरेडले 'वर्ग सङ्घर्ष' र 'मुक्ति मोर्चा' लुकाइ लुकाइ झलक्क मुखमात्र देखाएका थिए। सायद गोपनीयता पालना गरेका होलान्। पढ्नलाई त के पाउनू? यसो हेरेरै चित्त बुझाएँ। पार्टीका जिम्मेवार कमरेड गिरीशले करिब एक घण्टाजति लगाएर पार्टीका राजनीतिक लाइन, कार्यक्रम, रणनीति, कार्यनीति, प्रधान अन्तरविरोधबारे बताए अनुसार त्यसबेलाको मेरो क्षमताले जति बुझेँ त्यसभन्दा बाहेक मसँग कुनै राजनीतिक वैचारिक ज्ञान थिएन। त्यसबेला मैले जानेका या हासिल गरेका धेरै कुरा बुर्जुवा ज्ञानहरू नै थिए। त्यसैले जनताबाट सिक्न र एक असल क्रान्तिकारी कम्युनिस्ट योद्धा बन्न बुर्जुवा शिक्षा बहिष्कार गर्दै भूमिगत भई जनताको बीचमा गएको थिएँ। त्यसबेला मलाई कसैले कहाँ

पढ्छस् भनेर सोध्दा मैले सगौरव जवाफ दिन्थेँ– जनताको विश्वविद्यालयमा। बुर्जुवा शिक्षा बहिष्कार गरेकामा मलाई आज पनि कुनै पश्चात्ताप छैन।

'बुवा ! मलाई नखोज्नू.. म आफैँ सम्पर्कमा आउनेछु... तपाईंले पढाउनुभएको बुर्जुवा शिक्षा छाडेर म आफ्नै मर्जीले जनताको विश्वविद्यालयमा भर्ना भएको छु.... मेरो चिन्ता नलिनू.. म जहाँ हुनेछु, निकाआनन्दै हुनेछु... तपाईंले आफ्नो ख्याल राख्नुहोला, बिरामी आमालाई विशेष ध्यान दिनु होला... भाइबहिनी पढ्दैछन्, पढाउनु होला...' भन्दै बुवालाई पत्र लेखेर भूमिगत भएको त्यो दिन मलाई अहिले पनि झलझली सम्झना छ। क्याम्पस पढ्न छाड्दैछ भन्ने थाहा पाएपछि घरबेटी आमाले रातभर सम्झाउँदै मायाले गाली गरेको पनि मलाई याद छ। त्यसबेला मलाई जनताको बीचमा सिक्न जाने कम्युनिस्ट क्रान्तिकारी भूत यसरी चढेको थियो कि इन्द्रको बाबु चन्द्रै आए पनि मलाई आफ्नो निर्णय र अडानबाट विचलित बनाउन सक्ने थिएन।

यसरी म कोरा कागजकै अवस्थामा भूमिगत हिंडेको थिएँ। सायद म त्यसबेला, थोरै विचार तर धेरै भावनाले कम्युनिस्ट बनेको मान्छे। अनि भूमिगत भएर हिंडेको एक क्रान्तिकारी मुसाफिर। अहिले म यही भन्न रुचाउँछु। किनकि त्यसबेला मलाई मेरो क्रान्तिकारी भूमिगत जीवनको स्पष्ट गन्तव्य नै थाहा थिएन। जति कठिन जीवन, समय र पल आउँछ, त्यसबेलाको सङ्घर्षबाट प्राप्त अनुभव र शिक्षा नै सबैभन्दा उत्तम ज्ञान हो। वास्तवमा म त्यही ज्ञान खोज्दै हिँडिरहेको थिएँ। बढाइचढाइ होइन, त्यसबेला मलाई यस्तै लाग्थ्यो। सायद यही विचार र भावनाले होला, मलाई कठिनभन्दा कठिन दिनहरूमा पनि देश, जनता र क्रान्तिका लागि सतिसालझैँ ठिङ्ग उभिन सिकायो।

जुनबेला म भूमिगत भएको थिएँ, त्यसबेला मलाई पार्टीको सङ्गठन निर्माणसम्बन्धी खासै ज्ञान र अनुभव थिएन। 'पौडी सिक्न पोखरीमै हामफाल्नु पर्छ, पाखामा बसेर पौडी खेल्न जानिँदैन। क्रान्ति पनि त्यस्तै हो, सङ्घर्ष, आन्दोलन र बलिदानसँग नजोडिएसम्म बुझ्न र जान्न सकिन्न।' कमरेड गिरीशले यही बताउनु भएको थियो। कडाइका साथ भूमिगत शैली अपनाउनु पर्छ, गोपनीयता कायम गर्नुपर्छ र धेरैभन्दा धेरै भूमिगत सेल्टरहरू निर्माण गर्नुपर्छ भन्ने कुराहरू सिकाइएको थियो। सङ्गठन निर्माण गर्दा कमिटीमा रहने सबै सदस्यको लेभी तोक्ने र भूमिगत नाम (टेक नेम) राख्नुपर्छ भन्ने थाहा थियो। यसका साथै भूमिगत कार्यकर्ताले आफ्नो सम्पूर्ण वास्तविक परिचय लुकाउनु पर्छ भन्ने सामान्य ज्ञान मात्र थियो।

बेलुकी छिटोछिटो खाना खाएर हामी टाँडबिसौना गयौँ। मीनराज कमरेडले पढाउनुभएका केही युवालाई भेला गराउनु भयो। एक जना युवा कर्मी गुरुङको घरसँगै

जोडिएको दुईवटा फराकिलो कोठाहरू भएको धन्सार रहेछ, तल गाईभैँसी बाँध्ने र माथि बार्दलीसहितको सुत्ने कोठाहरू भएको, त्यही धन्सारमा युवाहरूको भेला भयो। भेलामा सहभागी केही अगुवाहरूबीच सात सदस्यीय युवा सक्रिय दल पनि गठन भयो। साथै भेलामा दुईवटा काम गर्ने सल्लाह र निर्णय भयो– पहिलो, प्रौढ कक्षा सञ्चालन गर्ने र दोस्रो जनवादी सांस्कृतिक कार्यक्रम गर्ने। किनकि त्यस गाउँमा पनि अक्षर नचिनेका थुप्रै युवकयुवतीहरू थिए। स्थानीय स्तरको उनीहरूको एउटा सांस्कृतिक समूह रहेछ, हिन्दी र आधुनिक फिल्मी गीतहरूमा नाच्ने। त्यसैलाई जनवादी गीत सिकाएर नाँच्न लगाउने विचारले सङ्कल्प परिवारको गीति क्यासेट ल्याएर जनवादी गीत सिक्ने र नाच्न मिल्ने गीतहरूमा नाँच्ने सल्लाह भयो। अबदेखि मेरो सेल्टर पनि त्यही घरमा निश्चित भयो।

अनेरास्ववियु (एकताको पाँचौं), कास्की जिल्ला तयारी समितिको संस्थापक सचिव भई जिल्लाका सबै हाई स्कुलहरूमा पुगेर तयारी कमिटीहरू गठन गरेको मलाई राम्रो अनुभव थियो। २०३६ सालमा स्याङ्जाको पौवैगौँडाको हाई स्कुल र मातृभूमि हाई स्कुलमा समेत गएर अनेरास्ववियुका कमिटीहरू गठन गरेको थिएँ। तर पार्टीसँग सम्बन्धित कमिटी गठन भने मेरो यो पहिलो अनुभव थियो। अन्तर्राष्ट्रिय गीत गाएर सहिदहरूप्रति श्रद्धाञ्जली दिँदै सुरु गरिएको कमिटी गठन कार्यक्रममा झापा आन्दोलनदेखि नेकपा (माले) निर्माणसम्बन्धी सङ्क्षिप्त इतिहास, निरङ्कुश राजतन्त्र र तानाशाही पञ्चायती व्यवस्थाको भण्डाफोर र विरोध, नयाँ जनवादी क्रान्ति र नेपाली कम्युनिस्ट आन्दोलनमा देखा परेका रुसी संशोधनवाद र दक्षिणपन्थी अवसरवादका विचार र प्रवृत्तिबारे सङ्क्षिप्त रूपमा प्रकाश पार्ने काम भयो। पार्टीको प्रधान अन्तरविरोध र प्रमुख राजनीतिक लाइन, भूमिगत शैली, गोपनीयता, आलोचना–आत्मालोचना र जनवादी केन्द्रीयताका साथै सेल्टर निर्माण र यसको महत्त्वका सम्बन्धमा बताएपछि सबैको भूमिगत नाम (टेक नेम) राख्ने र लेभी तोक्ने काम भयो। यसरी भूमिगत भएको पाँचौँ दिन मेरा लागि ऐतिहासिक दिन थियो। मैले पहिलोपटक भूमिगत रूपमा पार्टीको सङ्गठन निर्माण गर्न सफल भएको थिएँ। यो मेरो पहिलो अनुभव थियो। यो मेरो राजनीतिक जीवनकै लागि एउटा कोसेढुङ्गा थियो।

**मेरा आदर्श पुरुषः मेरो प्यारो चे**

'मेरो हजुरआमा बिरामी हुनुभएको देखेँ अनि डाक्टर बनेँ। समाजलाई हेरेँ, सिङ्गो समाज बिरामी रहेछ, त्यसैले म क्रान्तिकारी बनेँ।' क्रान्तिकारी कमरेड अर्नेस्तो चे ग्वेभाराका यही दुई वाक्य हुन्, जसले मलाई क्रान्तिकारी बन्न प्रेरित र ऊर्जा प्रदान गरेको थियो। किनकि म पनि साइन्स पढेर डाक्टर या इन्जिनियर बन्न चाहन्थेँ। त्यसबेला

'चे ग्वेभारा' मलाई सबैभन्दा मनपर्ने क्रान्तिकारी नायक थिए र अहिले पनि हुन्। कम्युनिस्टहरूले गाउने युजे पोतरद्वारा रचित अन्तर्राष्ट्रिय गीतमा 'अन्तर्राष्ट्रिय जाती हुनेछ...' भन्ने गीतको मर्म र भावनालाई आत्मसात् गरी व्यवहारमा लागू गर्ने उनी एक्ला कम्युनिस्ट क्रान्तिकारी हुन्। उनलाई कुनै देशको भौगोलिक र राजनीतिक सिमानाले बाँध्न सकेन। मेरो विचारमा अन्य कुनै पनि कम्युनिस्ट नेताहरू व्यवहारमा कहिल्यै अन्तर्राष्ट्रिय जाति हुन सकेनन्, सबै राष्ट्रवादमा नै सीमित रहे। हिन्दु धर्मावलम्वीहरूका लागि आदर्श पुरुष भगवान् रामचन्द्र भएजस्तै मेरा लागि आदर्श पुरुष हिजो र आज पनि मेरो प्यारो 'चे' हुन्। साँच्चै भन्ने हो भने म जुनबेला भूमिगत भएको थिएँ, त्यसबेला 'चे' जस्तै अन्तर्राष्ट्रिय क्रान्तिकारी कम्युनिस्ट बन्न चाहन्थेँ।

एक हप्तापछि सङ्कल्प परिवारको गीति क्यासेट लिन पोखरा झर्दा थाहा भयो– बुर्जुवा शिक्षा बहिष्कार गर्दै मसँगसँगै भूमिगत भएका केही मेरा दौँतरी कमरेडहरू एक हप्ता पनि टिक्न सकेनछन्। एक जना पुनः क्याम्पस भर्ना भइसकेका थिए भने अर्को एक जना त पार्टीको राजनीतिबाटै पलायन भइसकेका थिए। 'भो तपाईं भूमिगत नहुनु होस्, तपाईंलाई एक दिन पनि टिक्न गाह्रो हुन्छ' भन्ने कमरेड नै सबैभन्दा पहिले कुलेलाम ठोकिसकेका रहेछन्। म त्यस दिन कमरेड हिमाञ्चल भट्टराईको बगरस्थित डेरामा शरण लिएर भोलिपल्टै सङ्कल्प परिवारको गीति क्यासेटका साथ साँझमा टाँडबिसौनाको सेल्टरमा फर्कें।

**बाँकी पछि**

यहाँ लिपिबद्ध विषयहरू भूमिगत भएको सुरुकै मेरा पाँच दिनका अतीत हुन्। जुन मेरा लागि अति नै अविस्मरणीय छन्। यसरी नै भन्न र सुनाउन पाएँ भने मेरा अनवरत १० वर्षे भूमिगत जीवनका अतीत, घटना र अनुभवहरूलाई पाठकसमक्ष यसरी नै क्रमशः पस्कने सोच र योजना बनाएको छु। स्थानाभावका कारण यहाँ यति नै। बाँकी पछि मेसो मिलाएर विभिन्न माध्यमबाट सुनाउने नै छु। ●